## मोदी गाउँपालिका गाउँसभाको १९ औं अधिवेशनको पहिलो बैठकको निर्णयहरु

बैठक संख्याः १

समयः दिनको १.०० बजे

**निर्णय नं १**

मोदी गाउँपालिकाको गाउँसभामा पेश भएको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम छलफलका लागि गाउँसभामा पेश गर्ने ।

**निर्णय नं २**

शुन्य समयमा सभा सदस्यहरुले उठान गर्नुभएको आम सरोकारका विषयका रुपमा रहेका विपद व्यवस्थापन, सेवा प्रवाह, कृषी, पर्यटन, उद्यमशिलता विकास जस्ता आर्थिक विकासका क्षेत्रलाई प्राथमिकता दिँदै योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा गाउँकार्यपालिका एवं गाउँकार्यपालिकाको कार्यालयलाई विशेष ध्यानाकर्षण गराउने ।

**निर्णय नं ३**

विशेष समयमा सभा सदस्यहरुले उठान गर्नुभएको कृषी चिस्यान केन्द्रको प्रभावकारी संचालन तथा व्यवस्थापन, कृषी क्षेत्रमा जलवायु परिवर्तन अनुकुलनका कार्यक्रमहरु संचालन, सामाजिक विकास र समावेशीकरण, गुणस्तरिय तथा मुल्यमान्यतामा आधारित गुणस्तरिय शिक्षा, वातावरणमैत्री पूर्वाधार निर्माण तथा दिगोपनाका कार्यक्रम, उपलब्ध श्रम शक्तिको सदुपयोग एवं कृषी तथा कृषकको लागि प्रमुख विषयको रुपमा रहेको बाँदर नियन्त्रण लगायतका विषयमा गाउँकार्यपालिका तथा गाउँकार्यपालिकाको कार्यालयलाई विशेष ध्यानाकर्षण गराउने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

## मोदी गाउँपालिका गाउँसभाको १९ औं अधिवेशनको दोस्रो बैठकको निर्णयहरु

बैठक संख्याः २

समयः दिनको २.३० बजे

निर्णय नं १

मोदी गाउँपालिकाको गाउँसभामा पेश भएको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सर्वसम्मत रुपमा पारित गर्ने ।

<u>निर्णय नं २</u>

गाउँकार्यपालिकाबाट स्वीकृत भई पेश भएको गत आ.व. २०८१।०८२ को राजश्व र व्ययको यथार्थ विवरण, चालु आ.व. २०८२।०८३ को आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आ.व. २०८३।०८४ को योजना तथा कार्यक्रम र आय व्ययको अनुमान सहितको आगामी आ.व. २०८३/०८४ को राजश्व र व्यय (बजेट) को अनुमान सभामा निर्णयार्थ पेश गर्ने ।

निर्णय नं ३

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा (५३) को उपदफा २ बमोजम गाउँकार्यपालिकाबाट स्वीकृत भई सभामा पेश भएको न्यायिक समितिको आ.व. ०८२/०८३ को वार्षिक प्रतिवेदन माथी छलफल भई प्रतिवेदनमा औंलाईएका विषयहरुको प्रभावकारी कार्यान्वयन मार्फत न्यायिक समितिको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन आवश्यक विधि प्रक्रियाको अवलम्वन गर्न निर्देशन सहित पारित गर्ने ।

निर्णय नं ४

गाउँकार्यपालिकाबाट स्वीकृत भई सभामा पेश भएको विधायन समितिको आ.व. ०८२/०८३ को वार्षिक प्रतिवेदन माथी छलफल भई स्थानिय तहको एकल तथा साझा अधिकारका क्षेत्रभित्र रहि तर्जुमा गरिने ऐन नियमावली कार्यविधि मापदण्ड निर्देशिका लगायतका कानुनहरुको व्यवस्थित र प्रणालीबद्ध अभिलेख व्यवस्थापन संघिय तथा प्रदेश कानुन सँगको तादाम्यता विद्यमान कानुनहरुको समसामयिक सुधार लगायतका क्षेत्रमा सुधारका कार्यहरु अगाडी बढाउन गाउँकार्यपालिकालाई सुझाव सहित पेश भएको प्रतिवेदन पारित गर्ने ।

निर्णय नं ५

गाउँकार्यपालिकाबाट स्वीकृत भई सभामा पेश भएको सुशासन समितिको आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन पारित गर्ने । सुशासन सम्बन्धी प्रचलित कानुनी व्यवस्थाको अक्षरश पालना गर्दै शासकीय प्रवन्ध विकास व्यवस्थापन र सेवाप्रवाहमा नविनता तथा नवप्रवर्तन मार्फत गुनासोरहित नागरिकमैत्री स्थानिय तह निर्माणको लागि गाउँकार्यपालिकालाई ठोस सुधारका कार्यहरु गर्न निर्देशन सहित सभामा पेश भएको प्रतिवेदन पारित गर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

**निर्णय नं ६**

गाउँकार्यपालिबाट स्वीकृत भई सभामा पेश भएको लेखा समितिको आ.व. २०८१।०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने।

**निर्णय नं ७**

मोदी गाउँपालिकाको चालु आ.व. ०८२।०८३ को राजश्व परामर्श समितिको अध्यन प्रतिवेदन माथी छलफल भई गाउँपालिकाको आन्तरिक आय अभिबृद्धि गरी गाउँपालिकाको खर्चको आवश्यकता र आन्तरिक आम्दानी विचको वित्तिय खाडल (Fiscal Gap) कम गर्न राजश्वका दायरा विस्तार गर्दै गाउँपालिकाको राजश्व सुधार सम्बन्धी ठोस कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्न गाउँकार्यपालिकालाई निर्देशन सहित सभामा पेश भएको प्रतिवेदन पारित गर्ने।

**निर्णय नं ८**

महालेखा परिक्षकको कार्यालयबाट प्राप्त मोदी गाउँपालिकाको गत आ व २०८१।०८२ को अन्तिम लेखापरिक्षण प्रतिवेदन माथी दफावार छलफल गरियो साथै प्रतिवेदनले औंलाएका प्रचलित कानुन बमोजिम बेरुजुहरुको फर्छ्यौट गर्न लेखा समिति तथा गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं ९**

गाउँकार्यपालिकाबाट स्वीकृत भई पेश भएको आर्थिक विधयेक २०८३ सभामा दफाबार छलफलका लागि पेश गर्ने ।

**निर्णय नं १०**

गाउँकार्यपालिकाबाट स्वीकृत भई पेश भएको विनियोजन विधयेक २०८३ सभामा दफावार छलफलको लागि पेश गर्ने ।

**निर्णय नं ११**

गत आ.व. २०८१।०८२ को राजश्व र व्ययको यथार्थ विवरण चालु आ. व. २०८२।०८३ को आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आ.व. २०८३।०८४ को योजना तथा कार्यक्रम र आय व्ययको अनुमान सहितको आगामी आ.व २०८३।०८४ को राजश्व र व्यय (बजेट) को अनुमान छलफलका लागि सभामा पेश गर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

## मोदी गाउँपालिका गाउँसभाको १९ औं अधिवेशनको तेस्रो बैठकको निर्णयहरु

बैठक संख्याः ३

समयः दिनको ३.३० बजे

निर्णय नं १

गत आ.व. २०८१।०८२ को राजश्व र व्ययको यथार्थ विवरण, चालु आ.व. २०८२।०८३ को आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आ.व. २०८३।०८४ को योजना तथा कार्यक्रम र आय व्ययको अनुमान सहितको आगामी आ.व. २०८३।०८४ को राजश्व र व्ययको अनुमान (बजेट) सर्वसम्मत रुपमा पारित गर्ने ।

निर्णय नं २

मोदी गाउँपालिकाको आर्थिक विधयेक २०८३ सर्वसम्मत रुपमा पारित गर्ने ।

निर्णय नं ३

मोदी गाउँपालिकाको विनियोजन विधयेक २०८३ सर्वसम्मत रुपमा पारित गर्ने ।

निर्णय नं ४

चालु आ.व. २०८२।०८३ को बजेट तथा कार्यक्रम कार्यान्वयनको क्रममा सार्वजनिक खरिद नियमावली २०६४ को नियम (१४६) बमोजिम ई बिडिङ गर्नुपर्ने खरिद कार्यमा ई-बिडिङ प्रणाली अवलम्वन गरिएका आयोजना तथा कार्यक्रमहरुको विवरण सहितको प्रतिवेदन पारित गर्ने ।

निर्णय नं ५

गाउँकार्यपालिकाबाट स्वीकृत भई सभामा पेश भएको मोदी गाउँपालिकाको चालु आ.व. २०८२।०८३ को तेस्रो त्रैमासिक अवधि सम्मको आन्तरिक लेखा परिक्षण प्रतिवेदन माथी छलफल भई प्रतिवेदनले औंलाएका कैफियतहरुलाई प्रचलित ऐन कानुनमा तोकिएको अवधिभित्र फर्छ्यौट गर्न लेखा समिति तथा गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं ६

नागरिकहरुको सुचनाको हकलाई प्रत्याभूत गराउन मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयबाट सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४ बमोजिम कार्यालयको कामकाज सँग सम्बन्धित प्रकाशन गर्नुपर्ने कानुनी व्यवस्था बमोजिम प्रकाशन तथा सार्वजनिक भएका स्वतः प्रकाशन (Proactive Disclosure) लाई अनुमोदन गर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७४

निर्णय नं ७

चालु आ व २०८२।०८३ को लागि चालु तथा पुंजीगत खर्च तर्फ विनियोजित बजेट मध्ये भुक्तानीको लागि रकम अभाव भएका तपशिल बमोजिमका खर्च शिर्षकहरुमा प्रचलित आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन नियमावलीहरुको अधिनमा रहि देहाय बमोजिम रकमान्तर तथा स्रोतान्तर गर्ने ।

तपसिल

| रकमान्तरको लागि बजेट घट हुने खर्च शिर्षकहरु चालु खर्च तर्फ | | | | |
|---|---|---|---|---|
| क्र. सं | कार्यक्रम आयोजना क्रियाकलापको नाम | खर्च शिर्षक नं | बजेट रकम रु. | कैफियत |
| १ | करार कर्मचारी पारिश्रमिक चाडपर्व र पोशाक भत्ता समेत | २११११ | ८०००००।- | |
| २ | कर्मचारीहरुको लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता | २११३५ | ५०००००।- | |
| ४ | MTEF/CDP निर्माण | २२४११ | ३०००००।- | |
| ६ | प्रादेशिक अस्पताल पर्वत सँग विशेषज्ञ सेवा संचालनको लागि सहकार्य | २२५२२ | २०००००।- | |
| ८ | युवा उद्यमी व्यावसाय स्टार्टअप पुंजी पर्वर्द्धन तथा साझेदारी कार्यक्रम | २२५२२ | १०००००।- | |
| ९ | स्थानिय तहको असल अभ्यास अध्यन अवलोकन तथा ज्ञान आदान प्रदान कार्यक्रम | २२५२२ | ४०००००।- | |
| १० | अनुगमन मुल्यांकन खर्च | २२६११ | ६०००००।- | |
| ११ | अध्यक्ष सँग दिदिबहिनी कार्यक्रम | २२५२२ | ५०००००।- | |
| १२ | सोरठी नृत्य संरक्षण कार्यक्रम वडा नं ४ | २२५२९ | २५००००।- | |
| १३ | पोशाक भत्ता | २११२१ | ३५००००।- | |
| १४ | कार्यपालिका गाउँसभाको निर्णयहरु डिजिटाईजेशन | २२५२२ | ७०००००।- | |
| १५ | स्वास्थ्य शिविर संचालन तथा व्यवस्थापन | २२५२२ | ३००००।- | |
| | कुल जम्मा | | ५००००००।- | |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

| | रकमान्तर भई बजेट थप हुने खर्च शिर्षकहरु (चालु खर्च तर्फ) | | | |
|---|---|---|---|---|
| १ | भ्रमण खर्च | २२६१२ | ८०००००।- | |
| २ | विविध खर्च | २२७११ | ७०००००।- | |
| ३ | सेवा र परामर्श खर्च | २२४११ | ५०००००।- | |
| ४ | बैठक भत्ता | २११३९ | २५००००।- | |
| ५ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च | २२३१५ | ९०००००।- | |
| ७ | उपाध्यक्ष सँग युवा तथा खेलकुद कार्यक्रम | २२५२२ | ६०००००।- | |
| ९ | स्थानिय विपद व्यवस्थापन कोष | | १००००००।- | |
| ११ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता अध्यक्ष कप | | २५००००।- | |
| | कुल जम्मा | | ५००००००।- | |
| | रकमान्तरको लागि बजेट घट हुने खर्च शिर्षकहरु (पुँजीगत खर्च तर्फ) | | | |
| १ | गाउँकार्यपालिकाको कार्यालयमा चमेनागृह निर्माण | ३१११३ | २००००००।- | |
| २ | लाङ्दी घुरुङ्गा सडक मर्मत तथा ढलान वडा नं ३ | ३११५९ | १५०००००।- | |
| | रकमान्तर भई बजेट थप हुने खर्च शिर्षकहरु (पुँजिगत खर्च तर्फ) | | | |
| १ | २ नं वडा कार्यालयको कम्पाउण्डिङ, गेट निर्माण | ३११५९ | ७०००००।- | |
| २ | देउपुर स्वास्थ्य चौकी जाने बाटो ढलान (गत आ.व. को बाँकी भुक्तानी) | ३११५९ | २५००००।- | |
| ३ | विद्यालयको भौतिक संरचना मर्मत सम्भार फर्निचर तथा सौन्दर्यकरण | ३११५९ | ७०००००।- | |
| ४ | ८ नं वडा कार्यालयको कम्पाउण्डिङ, गेट तारबार निर्माण | ३११५९ | १५००००।- | |
| ५ | जिल्ला खेलकुद विकास समिति पर्वतमा खेलकुद पूर्वाधार निर्माण | ३११५९ | २०००००।- | |
| ६ | पार्वती मन्दिर देखि मोदीघाट सम्म गोरेटो बाटो निर्माण | ३११५९ | ८००००० | |
| ७ | लाङ्दी सामुदायिक भवन | ३११५९ | ७००००० | |
| | जम्मा | | ३५०००००।- | |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

निर्णय नं ८

मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय र मातहतका निकायमा कार्यालयको स्वीकृत दरबन्दीभित्र साविकमा सेवा करारमा कार्यरत रहि चालु आ..व. ०८२।०८३ मा दैनिक ज्यालादारीमा कार्यरत कार्यालय सहयोगीहरुको प्रचलित कानुनी व्यवस्था बमोजिमको मापदण्डको अधिनमा रहि कार्यसम्पादन मुल्यांकन गरी मुल्यांकनमा ८० प्रतिशत भन्दा बढी अंक हासिल गर्ने कार्यालय सहयोगीहरुलाई सेवा करारमा निरन्तरता दिने सम्बन्धी गाउँकार्यपालिकाको प्रस्तावलाई स्वीकृत गर्ने ।

निर्णय नं ९

मोदी गाउँकार्यपालिका तथा गाउँकार्यपालिकाको कार्यालयबाट चालु आ.व. २०८२।०८३ को हालसम्म प्रचलित कानुन बमोजिम सम्पादन भएका कार्यहरु तथा विषयक्षेत्र रुपमा भएका निर्णयहरुलाई अनुमोदन गर्ने ।

निर्णय नं १०

मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयबाट चालु आ.व. २०८२।०८३ को हालसम्म चालु तथा पुँजिगत शिर्षक तर्फ भएका विभिन्न खर्चहरुलाई अनुमोदन गर्ने ।

निर्णय नं ११

गाउँकार्यपालिकाको कार्यालय र निर्माण कम्पनी/फर्म विच सार्वजनिक खरिद ऐन एवं नियमावली बमोजिम भएको सम्झौतामा तोकिएको म्यादभित्र सम्पन्न हुन नसकेका आयोजनाहरुको प्रचलित कानुन बमोजिम मोदी गाउँपालिका गाउँकार्यपालिका तथा गाउँकार्यपालिकाको कार्यालयबाट म्याद थप सम्बन्धमा भएका निर्णयहरुलाई अनुमोदन गर्ने ।

निर्णय नं १२

यस गाउँपालिका र अन्नपुर्ण गाउँपालिका कास्कीको सिमानामा ९ (नौ) मेघावाट क्षमताको जलविद्युत आयोजना निर्माण गर्न यस गाउँपालिकाको वडा नं १ मा पर्ने महाविर खोलामा निर्माणजन्य सामग्रीहरु ढुँगा, गिटी, बालुवा उत्खनन एवं आयोजना संचालनको लागि अनुमति प्रदान गर्ने गाउँकार्यपालिका एवं गाउँकार्यपालिकाको कार्यालयको निर्णयलाई अनुमोदन गर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७४

**निर्णय नं १३**

मोदी गाउँपालिकाको स्थापना काल देखि हालसम्म कायम कुल संचित बेरुजु अंक र मुल्यांकन वर्षमा वेरुजु सम्परिक्षणबाट फर्छ्यौट भएको बेरुजुको वार्षिक प्रगति प्रतिवेदन गाउसभामा पेश गर्ने ।

**निर्णय नं १४**

मोदी गाउँकार्यपालिकाको कार्यालय र मातहतका निकायमा कार्यालयको स्वीकृत दरबन्दी अन्तर्गत सेवा करारमा कार्यरत एवं संघिय तथा प्रदेश सरकारबाट आगामी आर्थिक वर्ष २०८३।०८४ को लागि हस्तान्तरित कार्यक्रम अन्तर्गत सेवा करारमा कार्यरत कर्मचारीहरुको प्रचलित कानुन बमोजिम कार्यसम्पादन मुल्यांकनको आधारमा सेवा करार अवधिको म्याद आगामी २०८३ पौष मसान्त सम्म थप गर्ने।

**निर्णय नं १५**

गाउँपालिका भित्रका नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवा सहज सरल पहुचयोग्य रुपमा उपलब्ध गराउन गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुको लागि स्वीकृत दरबन्दीमा कार्यरत जनशक्तीबाट आवश्यक संख्यामा स्वास्थ्यकर्मी व्यवस्थापन गर्नेगरी मोदी गाउँपालिकाको प्रशासनिक केन्द्र पातिचौर बजारमा ल्याव सेवा सहितको सुविधा सम्पन्न सामुदायिक स्वास्थ्य ईकाई (Community Health Unit) स्थापना गर्ने।

**निर्णय नं १६**

आ व २०७७।०७८ देखि निर्माण शुरु भई विभिन्न समयमा म्याद थप हुँदै आएको राम्जा देउराली आर्युविद औषधालय भवनको हाल सम्म भएको निर्माण कार्यको प्राविधिक मुल्यांकन एवं नापजाँच गरी कार्यालयलाई थप आर्थिक व्यभार हुन नदिन सार्वजनिक खरिद ऐन नियमावलीको अधिनमा रहि सार्वजनिक हितका लागि सुविस्ताको आधारमा ठेक्का अन्त्य गरी प्राविधिक नापजाँच एवं मुल्यांकन बमोजिमको रकम भुक्तानी गरी आयोजनाको फरफारक गर्ने ।

**निर्णय नं १७**

चालु आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा उल्लेखित योजना तथा कार्यक्रमहरुको भुक्तानीको लागि स्रोत अभाव हुने अवस्था सृजना भएमा वा सुत्र प्रणालीमा कुनै समस्या आई भुक्तानी गर्न कठिनाई भएमा प्रचलित कानुन बमोजिम भुक्तानी बाँकी सम्बन्धी विवरण प्रमाणित गरी आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी गाउँकार्यपालिकाबाट निर्णय गरी आगामी आर्थिक वर्ष २०८३।०८४ को लागि सम्बन्धित खर्च शिर्षकमा विनियोजित बजेटबाट भुक्तानी दिने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष